सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १५० ♦ २०८२ साल माघ १९ सोमवार ♦ 2 Feb 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# महोत्तरी-२ का मतदाताका गुनासा : बर्खामा डुबान र हिउँदमा पानीको हाहाकार

**खबर दर्पण समाचारदाता**

**माघ १८ गते, बर्दिवास**

प्रतिनिधिसभा सदस्यको निर्वाचन नजिकिएसँगै महोत्तरी-२ मा पनि चुनावी चहलपहल सुरु भएको छ । घरआँगन, टोल बस्तीमा आएका उम्मेदवार र दलका नेता कार्यकर्तालाई यहाँका मतदाता समस्या देखाउनेभन्दा पनि असन्तुष्टि पोख्न थालेका छन् ।

'हाम्रो बस्ती नदीका कारण समस्यामा छ, बर्खामा नदीमा आउने बाढीका कारण बस्ती र खेत जोखिममा पर्दै आएको छ', भङ्गाहा-६ हतिसर्वा मजराका ५५ वर्षीय सुरेश सर्दारले भने । नदी नियन्त्रणका लागि पक्की तटबन्ध र कुलोनहरका बाँध नबन्दा बर्सेनि आफूहरूले दुःख पाइरहेको उनको भनाइ छ। विगतमा ठाउँठाउँमा कटान र डुबान रोक्न तटबन्ध निर्माण गरिए पनि त्यसले समस्या समाधान भएको छैन ।

यहाँका नागरिकले चुनावमा भोट माग्न आउने उम्मेदवासमक्ष यस्तै गुनासा गर्न थालेका छन्। यस क्षेत्र भएर बग्ने रातु नदीको ताण्डवले जिल्लाका सात स्थानीय तहका बासिन्दा प्रभावित छन्। यसको दीर्घकालीन समाधान नपहिल्याइँदा समस्या जस्ताको त्यस्तै भएको बलवा-११ भगवतीपुरकी मरनी माझी मुसहरको भनाइ छ । 'बर्खा लाग्यो कि घर बाढीले लाने हो कि भन्ने त्रास हुन्छ', माझीले भने ।

निर्वाचनमा उम्मेदवार र दलका कार्यकर्ताको आवतजावत बढेपछि चुनावी सरगर्मी बढेको छ। जिल्लाको पूर्वी मध्यभेगको यो क्षेत्रमा बिग्ही, रातु, मरहा र ओक्सीसहितका नदीपिडित समूहल मुख्य समस्या नै बर्खामा कटान र डुवान एवं हिउँदमा पानीको अभाव सुनाउँछन् ।

जिल्लाको मध्यभेगको भङ्गाहा नगरपालिका-१, २, ६, ७ र ८, बलवा नगरपालिकाका-११, मध्यपूर्वी भेगको लोहारपट्टी नगर पालिकाका-९, महोत्तरी गाउँपालिका-६, औरही नगर पालिका-७, ८ र ९, पिपरा-६ र एकडारा गाउँपालिका-६ वडा महोत्तरी-२ मा पर्छन् । यहाँका बासिन्दाको मुख्य पेसा खेती भएर पनि सिँचाइको समुचित प्रबन्ध नहुँदा आकासे पानीको भरको खेती र बर्खामा बाढीले घरबस्ती डुबाउने/बगाउने त्रासको नियति यहाँका बासिन्दाले खेप्दै आएका छन् ।

'हामी दुःखमा छौँ, खेतमा सिँचाइको प्रबन्ध छैन, बर्खामा बाढीले डुबाएर कहिल्यै राम्ररी अन्न थन्क्याउन पाएका छैनौँ', महोत्तरी गाउँपालिका-६ गोरीगमाका ४५ वर्षीय भोला महतो भन्छन्, 'चुनाव त भइ नै राखेका छन्, तर हाम्रो दुःख जहाँको त्यहीँ रह्यो ।'

यो क्षेत्र बर्खाकालमा बाढी कटान/डुबान र हिउँदमा पानीको हाहाकारमा पर्ने गरेको छ । हिउँद अन्त्यतिर त सिँचाइका लागि मात्र नभएर कुनैकुनै वर्ष खानेपानीकै पनि हाहाकार पर्ने गरेको यहाँका बासिन्दा बताउँछन्। यो समस्या भोग्दै आएका यहाँका बासिन्दा सरकारले खेतीपातीका लागि सिँचाइ सुविधा, समयमा बीउबिजन, मलखाद र सुलभ कृषि ऋणको व्यवस्थासँगै बाढीबाट जोगाउन पक्की बाँध (तटबन्ध) को प्रबन्ध गरी देओस् भन्ने चाहना भएको लोहारपट्टी-१ का रामसागर यादवको भनाइ छ ।




एआईनिर्मित तस्वीर

आसन्न निर्वाचनका लागि यहाँ १५ राजनीतिक दलका र स्वतन्त्र २२ गरी जम्मा ३७ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । चुनाव प्रचारप्रसारका क्रममा यस क्षेत्रका बासिन्दाबाट यस्तै समस्या आउने गरेको नेकपा (संयुक्त) बाट उम्मेदवार इदरिस मोमिनको भनाइ छ । 'योजनाबद्ध तरिकाले काम हुन नसक्दा जनताका गुनासा बढेका हुन्, अब हामी सबैको साझा सङ्कल्पले निदान पहिल्याइनु पर्दछ', उनले भने ।

महोत्तरी-२ मा जसपा नेपाल, नेपाली कम्युनिस्ट पार्टी, राप्रपा नेपाल, नेपाल मजदुर किसान पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, उज्यालो नेपाल पार्टी, नेकपा (एमाले), नेपाली कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टी, जनादेश पार्टी नेपाल, राष्ट्र निर्माण दल, जनमत पार्टी, श्रम संस्कृति पार्टी, मङ्गोल नेशनल अर्गनाइजेसन र नेकपा संयुक्तका उम्मेदवार दलगत प्रतिस्पर्धा गर्दै हुनुहुन्छ। यी दलका २२ जना स्वतन्त्र उम्मेदवार पनि प्रतिस्पर्धामा छन् ।

यस क्षेत्रमा एक लाख सात हजार ५९४ मतदाता छन् । साथै ६२ मतदानस्थलमा १३३ मतदान केन्द्रको व्यवस्था गरिएको जिल्लाका मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीले बताए । निर्वाचन अभियान अघि बढेसँगै यसलाई स्वच्छ र भयरहित सम्पन्न गर्न सुरक्षा व्यवस्था सुदृढ गरिएको जिल्लाका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको भनाइ छ ।-रासस






# मधेश प्रदेश सभाको बैठक पहिलो पटक मैथिली भाषामा सञ्चालन



**खबर दर्पण समाचारदाता**
**माघ १८ गते, बर्दिवास**

मधेश प्रदेश सभाका सभामुख रामआशिष यादवले पहिलो पटक प्रदेश सभाको बैठक मैथिली भाषाबाट सञ्चालन गर्दै नयाँ अभ्यासको शुरुवात गरेका छन् ।

प्रदेश सभा स्थापना भएको करिब आठ वर्षपछि सभामुख यादवले मातृभाषामा सभाको कार्यसूची अघि बढाउँदै सभाको उद्देश्य र भूमिकाबारे धारणा राखेका हुन् । बैठकको प्रारम्भिक चरणमा मैथिली भाषा प्रयोग गरिए पनि दोस्रो चरणदेखि भने बैठक नेपाली भाषामा सञ्चालन गरिएको थियो। सभामुख यादवले मधेश प्रदेशको कामकाजी भाषा अहिलेसम्म औपचारिक रुपमा तोकिएको नभएकाले दुवै भाषालाई समेट्ने प्रयास गरिएको बताए ।

प्रदेश सभाको पहिलो बैठकमै भाषाको विषयलाई लिएर विवाद उत्पन्न नहोस् भन्ने उद्देश्यले यस्तो अभ्यास अपनाइएको सभामुख यादवको भनाइ छ । उनले मातृभाषाको सम्मान र सबै सदस्यलाई सहज हुने वातावरण निर्माण गर्नका लागि मैथिली र नेपाली दुवै भाषाको प्रयोग गरिएको बताए ।

# पूजा राष्ट्रिय महिला टोलीकी कप्तान



**खबर दर्पण समाचारदाता**
**माघ १८ गते, बर्दिवास**

पूजा महतो नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीकी नयाँ कप्तान बनेकी छन् । फेब्रुअरी १३ देखि २२ सम्म थाइल्यान्डमा आयोजना हुने एसियाली क्रिकेट काउन्सिल (एसीसी) राइजिङ स्टार्स वुमन्स एसिया कपका लागि नेपाल क्रिकेट संघ (क्यान) ले पूजालाई कप्तानको जिम्मेवारी दिएको हो ।

नियमित कप्तान इन्दु बर्मा गत सोमबार स्कटल्याण्डसँगको अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) महिला टीट्वेन्टी विश्वकप ग्लोबल छनोट खेलमा घाइते भएकी थिइन् । कीर्तिपुर स्थित त्रिवि मैदानमा भएको उक्त खेलमा इन्दुले चोटका कारण बिचमै मैदान छाडेकी थिइन् ।

सातौं ओभरको चौथो बलमा व्यक्तिगत पाँच रन बनाइरहेका बेला घाइते भएपछि उनी रिटायर्ड हट भएर मैदान छाडेकी थिइन् । चोटका कारण इन्दुले आठदेखि १२ सातासम्म खेल्न नसक्ने क्यानले जनाएको छ । क्यानका प्रवक्ता छुमबी लामाले शुक्रबार एक विज्ञप्ति जारी गर्दै इन्दु आठदेखि १२ सातासम्म मैदान बाहिर रहने जानकारी दिएका थिए ।

इन्दु घाइते भएपछि क्यानले शनिबार पूजाको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको हो । पूजाले सन् २०२३ को अगस्टमा राष्ट्रिय टोलीमा 'डेब्यु' गरेकी थिइन् । उनले गत वर्षबाट उपकप्तानको भूमिका निर्वाह गर्दै आएकी थिइन् ।

पूजाकै अर्धशतकको सहयोगमा नेपालले ग्लोबल छनोटमा टेस्ट राष्ट्र जिम्बाबेलाई पराजित गरेको थियो । ग्लोबल छनोटमा नेपालले निकालेको यो एक मात्र जित हो ।

नेपालले एसीसी राइजिङ स्टार्स एसिया कपमा पाकिस्तान 'ए'सँग फेब्रुअरी १३, संयुक्त अरब इमिरेट्स (यूएई) सँग फेब्रुअरी १५ र भारत 'ए' सँग फेब्रुअरी १७ मा खेल्नेछ ।

नेपाली टोलीमा पूजा महतो, बिन्दु रावल, सम्झना खड्का, रुबि पोदार, रुबिना क्षेत्री, कविता जोशी, कविता कुँवर, सीता रानामगर, रिया शर्मा, रोमा थापा, सुमन विष्ट, अनु कडायत, मनिषा उपाध्याय, काजल श्रेष्ठ र सिमाना केसी छन् ।

# एमाले नेतृ रुणा झा पुनः कांग्रेस फर्किइन्

**खबर दर्पण समाचारदाता**
**माघ १८ गते, जनकपुरधाम**



२०७९ सालको स्थानीय निर्वाचनमा कांग्रेसले टिकट नदिएपछि एमाले प्रवेश गरेर जनकपुरधामको उपप्रमुखमा लडेकी रुना झा पुनः कांग्रेस फर्केकी छिन्। सो निर्वाचनमा १० हजार ८ सय ८५ मत पाएकी झा प्रतिनिधि सभा निर्वाचनको संघारमा पुनः कांग्रेस प्रवेश गरी कांग्रेस उम्मेदवार विमलेन्द्र निधिलाई जिताउने बताइन्।

उनले लोकतन्त्र बचाउने एकमात्र पार्टी कांग्रेस मात्र रहेको आफूले बुझेर पुनः घर फर्केको बताइन्। झा लाई चार तारे झन्डा र चुनाव चिन्ह हस्तान्तरण सहित स्वागत गर्दै नेता विमलेन्द्र निधिले नेपाली कांग्रेस निर्वाचनमा मात्र नभई आगामी दिनमा पनि एक ढिक्का भएर अगाडि बढ्ने बताए। कांग्रेसमा सबैको सम्मान हुने प्रतिबद्धता निधिले व्यक्त गरेका छन्।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केवल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मैथिली भाषाको उत्तर-स्नातक पढाइ हुने

**खबर दर्पण समाचारदाता**
**माघ १८ गते, बर्दिवास**

काठमाण्डु विश्वविद्यालय अन्तर्गत शिक्षा शास्त्र संकाय, भाषा शिक्षण विभागले मैथिली भाषा शिक्षणमा उत्तर-स्नातकबारे सरोकार वालाहरुसंग परामर्श कार्यक्रम सम्पन्न भएको छ।

जनकपुरधाममा आइतबार काठमाण्डु विश्वविद्यालयले मैथिली भाषा शिक्षणमा उत्तर-स्नातक बारे सरोकारवालाहरुसंग भएको छलफलको क्रममा डा. भोगेन्द्र झाले मैथिली भाषाको माध्यमबाट शिक्षणतर्फ उत्तर-स्नातक सञ्चालन गरेकोमा प्रशंसा गरे। डा. झाले मैथिली भाषाको आफ्नो लिपी रहे पनि यसको संरक्षणतर्फ गम्भीर नभएको बताए।

उनले मैथिली भाषा मुलुकमा नेपाली भाषापछि सबैभन्दा धेरै बोलिने भाषाको रुपमा दोश्रो स्थानमा रहे पनि राज्यको उदासिनताका कारण ओझेलमा पार्ने कार्यप्रति गम्भीर हुनुपर्नेमा जोड दिए। त्यस्तै मैथिली भाषाविद् परमेश्वर कापडिले काठमाण्डु विश्वविद्यालयले मैथिली भाषाप्रति लिएको अग्रसरताप्रति आभार व्यक्त गरे।

उनले भाषा सबैको मानक रहेको भन्दै मातृभाषासहित सबै भाषालाई अघि बढाउनुपर्ने बताए। मैथिली विकास कोषको समन्वयमा भएको उक्त छलफल कार्यक्रममा काठमाण्डु विश्वविद्यालय अन्तर्गत रहेको भाषा शिक्षण संकायका सदस्य अजितमान तामांगले मैथिली भाषा किन, केका लागि र कसरी पढाइने भन्ने बारेमा पनि बृहत्त अध्ययन तथा अध्यापन हुने उनले बताए।

यससंगै मातृभाषाको संरक्षण र मैथिली समुदायको बोलीचालीतर्फको विशेष ध्यान दिने हुनाले यसमाथि पनि अध्ययन तथा अनुसन्धानमा जोड उनको भनाइ छ। त्यस्तै शिक्षण संकायतर्फका व्यवस्थापक शिवनाथ मैनालीले मैथिली भाषा दुई वर्षको कोर्ष हुने जानकारी दिए। उनले अरु सबैले सबैको भाषा बुझ्न पाउनु पर्ने भएकाले आफ्नो भाषाको बारेमा पनि जान्न बुझ्न र अध्ययन तथा अनुसन्धानका लागि पनि मैथिली भाषाको अध्ययन आवश्यक रहेको बताए।

उक्त कार्यक्रममा काठमाण्डु विश्वविद्यालयका हिरालाल कापर, कोषका अध्यक्ष जीवनाथ चौधरी, मिथिला नाट्य कला परिषद्का अध्यक्ष सुनिल मल्लिक, शैलेन्द्र मल्लिक, नित्यानन्द मण्डल, मन्दाकिनी कर्णलगायतकाले बोलेका थिए। सो कार्यक्रमको सहजकर्ता काठमाण्डु विश्वविद्यालय अन्तर्गत मैथिली भाषाका फोकल पर्सन धीरेन्द्र प्रेमर्षिले गरेका थिए।

# धनुषा-४ : पार्टी प्रवेशसँगै नेता यादवको चुनावी प्रचार प्रसार



**खबर दर्पण समाचारदाता**
**माघ १८ गते, जनकपुरधाम**

आसन्न प्रतिनिधि सभाका धनुषा ४ बाट कांग्रेसका उम्मेदवार महेन्द्र यादवले पार्टी प्रवेशसहित चुनावी प्रचार प्रसार अभियान तिव्र पारेका छन्।

आइतवार धनुषाको बटेश्वरमा विभिन्न पार्टीका एक दर्जनभन्दा बढी नेता कार्यकर्तालाई नेपाली कांग्रेसमा प्रवेश गरेका छन्। चुनावी प्रचार प्रसारमा रहेका नेता यादवले फुलमाला र टीका लगाई ती नेता कार्यकर्ताहरुलाई प्रवेश गराउदै स्वागत गरेका छन्। उनले पार्टी प्रवेश कार्यक्रमसँगै जनताको घर दैलोसम्म मत माग्ने अभियानलाई तिव्र पारेका हुन्।

यसका साथै कार्यकर्ता तथा वडा भेलालाई समेत तीव्रता दिएका छन्। आइतवार बटेश्वर गाउँपालिका वडा नम्बर १ सहित विभिन्न वडामा कार्यकर्ता भेला तथा पार्टी प्रवेश कार्यक्रम सम्पन्न गरेका छन्।

वडा भेलालाई सम्बोधन गर्दै नेता यादवले भने विभिन्न आन्दोलनमा शहादत प्राप्त गरेकाहरुको बलिदानले पाएको संघीयता र लोकतन्त्र अहिले खतरा अवस्थामा रहेकाले यसको रक्षार्थ हुने गरी मतदाताहरुको घरसम्म पुगेर मत मागौं। उनले विकासको नारा दिएर नेताहरु यहाँबाट जितेर ठग्दै आएको कुरा कसैसँग लुकेको छैन।

तर म कुनै सरकारी पदमा नरहेपनि यस क्षेत्रका लागि कृषितर्फ सिचाईसहित दुधमति नदीको सौन्दर्यकरण तथा विकासको योजना सँगै सडक लगायतका अन्य विकासमा काम गरेको छु भन्ने कुरा मतदाताहरुलाई बुझाउन जरुरी रहेको बताए। नेता यादवले भने मतदाता सोझासाझा छन्। तर नेताहरु चलाख छन्। कहिले कुनै विकासको काम यस क्षेत्रमा नगरेपनि दर्जनौ विकासको काम गरेको भनी प्रचार प्रसार गर्ने गरेकाले आफूले गरेको काम जनतालाई बेला अहिले आएको छ।

# धनुषा-२ का मतदाता........

कमला नगरपालिका निवासी सरिता देवी समाजमा धेरै समस्या रहेको बताउँछिन्। नवयुवाहरू लागु पदार्थको दुर्व्यसनीमा लागेको, शिक्षा तथा स्वास्थ्य सुविधा राम्रो हुन नसकेको उनको भनाइ छ।

विगतका उम्मेदवारले जितेर गएपछि अपेक्षित काम नगर्दा मतदातामा आसन्न चुनावप्रति खासै उत्साह देखिँदैन। उम्मेदवारहरू भने घरदैलो तथा चुनावी कार्यक्रममा व्यस्त देखिन्छन्।

धनुषा क्षेत्र नम्बर २ बाट २०७९ को निर्वाचनमा नेपाली कांग्रेसका रामकृष्ण यादव विजयी भएका थिए। उनले २० हजार ११२ मत ल्याउँदा उनका निकटतम प्रतिस्पर्धी एमालेका उमाशंकर अरगरियाले १९ हजार ९५५ मत प्राप्त गरेका थिए। विगतको मत परिणामलाई आधार मान्दा यो क्षेत्रमा पुराना दल बलियो देखिए पनि जनतामा देखिएको असन्तुष्टिले उनीहरूलाई चुनौती बढाउने प्रस्ट छ।

धनुषा-२ मा सात पालिकाका विभिन्न ४४ वडा पर्छन्। कमला नगरपालिकाको ९ वटा वडा, जनकनन्दनी गाउँपालिकाको ६ वटा वडा, औरही गाउँपालिकाको ६ वटा वडा, विदेह नगरपालिकाको १ देखि ८ वडा, शहीदनगर नगरपालिकाको ९ वटा वडा, हंसपुर नगरपालिकाको वडा नं. १, ४, ६ र ९ तथा जनकपुरधाम उपमहानगरपालिकाको वडा नं. १७ र १८ यस क्षेत्रमा पर्छन्।

यसपालि धनुषा-२ बाट नेपाली कांग्रेसका दिनेश परसैला यादव, नेकपा एमालेका उमाशंकर अरगरिया, नेपाल कम्युनिस्ट पार्टीका रामचन्द्र झा, जनता समाजवादी पार्टीका पशुपति यादव र राष्ट्रिय स्वतन्त्र पार्टीका रामविनोद साह लगायत उम्मेदवार छन्।-रातोपाटी

**सार्वजनिक स्थलमा धुम्रपान नगरौं। सभ्य नागरीकको परिचय दिऔं**

कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै राख्नुहोस्।
फोहोर जथाभावी नफाल्नुहोस्, तोकिएको स्थान र समयमा मात्र फोहोरमैला फाल्नुहोस्।
प्लास्टिकजन्य फोहोर कम गर्नुहोस् र फोहोरबाट कम्पोस्ट मल बनाउनुहोस्।
पानी उमालेर वा फिल्टर गरेर मात्र पिउनुहोस्।
आफ्नो घर र आँगन सफा राख्नुहोस्।
लामखुट्टेको टोकाइबाट बच्न घर वरिपरि पानी जम्न नदिनुहोस्।
एलपी ग्यासको रेगुलेटर, पाइप र सिलिन्डरको नियमति जाँच गर्नुहोस्।
आगलागीका घटनाहरू रोक्न सतर्क रहनुहोस्, विशेष गरी सुख्खा मौसममा।
हाम्रो सहर, राम्रो सहर: सफा र सुरक्षित राख्ने जिम्मा हाम्रो !
**जनकपुरधाम उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

तपाईको शहर वर्दिवासमा
WebSurfer
Fiber Internet &Iptv
अरु भन्दा फरक
सबै भन्दा विस्वास्निय
सम्पर्क गर्नुहोस्।
044550565, 9801042026

पहुँच सहभागिता विश्वास
चुनावी अभियानका लागि
Digital Partner.
उम्मेदवारीका एजेन्डालाई सार्वजनिक र सरल रूपमा
जनतासम्म पुर्याउन अनलाइन
प्रचार-प्रसार
गर्न आजै सम्पर्क गर्नुहोस, हामी आकर्षक प्याकेज उपलब्ध गराउनेछु।
रुपान्तरण मिडिया प्रा. लि.
रेडियो रुपान्तरण १०६.३ मेगाहर्ज
रुपान्तरण अनलाईन
Radio Rupantaran
परिवर्तनकालागि
www.rupantaranonline.com
रुपान्तरण अनलाइन
सम्पर्क: ९७०८२०५५२२, ९८०४८५२६९६, ९८४४०३९८५६, ९८४४०२५१८४

# धनुषा-२ का मतदाता भन्छन्- आफ्नै कामले फुर्सद छैन, के को चुनाव ?

**नबिन प्रियदर्शी**

**माघ १७ गते, बर्दिवास**







प्रतिनिधि सभाको निर्वाचन मिति नजिकिँदै गर्दा धनुषा-२ का मतदातामा कुनै उत्साह देखिएको छैन । विभिन्न दलका उम्मेदवारले मतदातासँगको भेटघाटलाई तीव्रता दिइरहे पनि स्थानीयवासीमा खासै चासो नदेखिएको हो ।

विगतमा चुनाव जितेर गएकाहरूले जनताका आधार भूत समस्या सम्बोधन गर्ने कुनै काम गर्न नसकेका कारण आफूहरूमा चुनावप्रतिको उत्साह घट्दै गएको स्थानीयवासी बताउँछन् ।

धनुषा-२ अन्तर्गत कप्टौलकी ६० वर्षीय सिया सदाले विगतमा आफूले भोट दिएर जिताएकाहरूले जनताको जीवनस्तर उकास्ने कुनै काम गर्न नसकेको बताइन् । 'हामीले भोट दिएर जिताएपछि कसैले पनि हाम्रो समस्या बुझ्ने प्रयास गरेन । जसलाई जिताए पनि उसले हामीलाई धोका दियो,' उनले भनिन्, 'विकासको काम भएन । जितेर गएपछि हाम्रो अवस्था बुझ्न एक पटक पनि फर्केर आएनन् ।'

सडक छेउमा टहरो बनाएर बस्दै आएकी उनका चार छोरी र एक छोरा छन् । छोराछोरीको भविष्य बन्छ कि भनेर श्रीमान् अहिले रोजगारीका लागि भारत गएको उनको भनाइ छ ।

अर्का मतदाता ६३ वर्षीय रामचन्द्र साह पनि गाउँ-टोलमा विकासको प्रत्याभूति हुन नसकेको बताउँछन् । 'चुनावको समयमा विभिन्न आश्वासन दिन्छन्,' उनले भने, 'भोट दिइसकेपछि कुनै पनि नेतालाई हाम्रो समस्याबारे सोच्ने फुर्सद नै हुँदैन ।'

सिँचाइको असुविधाका कारण कृषकलाई मार परिरहेको साहले सुनाए । 'चुनावका समयमा आएर नेताहरूले बोर्डिङ खनेर सिँचाइ सुविधा उपलब्ध गराइदिने आश्वासन दिएका थिए,' उनले भने, 'तर अहिले कम्तीमा दुई बिघा जमिन भएकालाई मात्र बोर्डिङको व्यवस्था हुन्छ रे ! मसँग १० कट्ठा जमिन छ, बाँकी जमिन कहाँबाट ल्याऊँ ?'

नेताहरूले किसानका लागि व्यवस्था गरिएको अनुदानमा पनि आफ्ना नातागोता हेरेर उपलब्ध गराउने गरेको साहको गुनासो छ । 'हामीजस्ता सर्वसाधारणका लागि यो कागज पुगेन, त्यो कागज पुगेन भनेर फर्काइदिन्छन्,' उनले भने, 'नेताका आफन्तका लागि कुनै कागजात चाहिँदैन ।'

औरहीका श्याम साह पनि चुनावको मुखमा नेताहरूले गर्ने बाचाबाट वाक्क भइसकेका छन् । 'यहाँ बाचा गर्दै भोट माग्न आउँछन्, तर भोट दिइसकेपछि हाम्रो अवस्थाबारे बुझ्ने, हाम्रा कुरा सुन्ने फुर्सद उनीहरूलाई हुँदैन,' उनले भने ।

स्वास्थ्य, शिक्षाजस्ता आधारभूत सुविधा नभएको गुनासो गर्दै साहले युवाहरूको भविष्य अन्धकारमय रहेको बताए । 'हाम्रा गाउँका भाइबहिनीहरूको जीवन अन्धकारमा छ । नेताहरूका छोराछोरी ठुला स्कुल र विदेशमा पढ्छन् । हाम्रा बच्चाको भविष्यसँग खेलबाड भइरहेको छ,' उनले भने, 'हामी युवा एकजुट छौँ । अब मतदाताले पनि आफ्नो सोच परिवर्तन गर्ने बेला आइसकेको छ ।'

दिनभर बाँसका सामग्री बनाएर जीविकोपार्जन गर्ने रामपरी मलिक र श्याम मलिकलाई चुनाव कहिले हो भन्ने पनि थाहा छैन । आफ्नो जीविकोपार्जनका लागि दैनिक काम गर्दागर्दै फुर्सद नभएको उनीहरूको गुनासो छ । 'दिनभरि काम गर्दा पनि दुई छाक खाना जुटाउन गाह्रो छ,' श्याम मलिकले भने, 'चुनाव जहिलेसुकै भए पनि के गर्नु ? हाम्रो अवस्थामा सुधार आउने होइन रहेछ ।'

बाटो, नाला, सरसफाइको अभाव रहेको सुनाउँदै उनले थोरै जग्गा-जमिन भएकाले पशु चौपायादेखि मानिस एकै ठाउँमा बस्नुपर्ने बाध्यता रहेको बताए । मेहनत गरे अनुसारको आम्दानी हुन नसकेको उनको भनाइ छ ।

यस निर्वाचन क्षेत्रका अधिकांश बासिन्दाको मुख्य पेसा कृषि नै हो । पछिल्ला वर्षमा जङ्गली जनावर, विशेष गरी बँदेलको आतङ्क बढेको छ । सिँचाइ अभावका कारण धान र गहुँ जस्ता खाद्यान्न बालीको उत्पादन घटेको किसानहरू बताउँछन् ।

शहीदनगर नगरपालिका-३ का टोलवासीहरू सडक बाहेक अन्य विकासको काम नभएको गुनासो गर्छन् । केही सडक जीर्ण भए पनि व्यवस्थापन भएको छैन । शिक्षा र स्वास्थ्य क्षेत्रमा भौतिक संरचना फेरिए पनि सेवाको गुणस्तरमा सुधार नभएको उनीहरूको भनाइ छ ।

*बाँकी पृष्ठ ३ मा*

कोरियन ब्युटी प्रोड्क्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।
बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५
साथै होम डेलिभरीको सुविधा छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,